श्री ५ को सरकार

मन्त्रिपरिषद् सचिवालयको

सूचना

स्वास्थ्य मन्त्रालयका का. मु. सचिव श्री मधुसूदन ढकाल द्विपक्षीय प्राविधिक सहयोगको आदान प्रदानसम्बन्धमा बर्मा, थाइलैण्ड र इण्डोनेशियाको स्वास्थ्यसम्बन्धी उच्च पदाधिकारीहरूसंग कुरा गर्न २०३९ साल श्रावण ९ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले मिति २०३९।४।१० देखि उहाँ फर्की हाजिर नभएसम्मका लागि पञ्चायत तथा स्थानीय विकास मन्त्रालयका सचिव श्री रामनारायण श्रेष्ठले आफ्नो मन्त्रालयको कामका अतिरिक्त स्वास्थ्य मन्त्रालयको सचिवको कामसमेत गर्ने गरी श्री ५ को सरकारले तोकेको छ ।

आज्ञाले,
भोगेन्द्रनाथ रिमाल
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

मन्त्रिपरिषद् सचिवालयको

सूचना

उद्योग मन्त्रालयका सचिव श्री सूर्यप्रसाद श्रेष्ठ इण्डोनेशियाको मेदान शहरमा हुने एशियाली उत्पादकत्व संगठन (ए.पी. ओ.) को गभर्निङ्ग बडीको २४ औं बैठकमा भागलिन मिति २०३९।४।१३ मा त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८. २ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री रविदेव शर्मालाई सोही मितिदेखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
भोगेन्द्रनाथ रिमाल
श्री ५ को सरकारको मुख्य सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।